अङ्क संस्थाले तोकेको न्यूनतम भाडादर भन्दा बढी भएमा त्यस्तो दरभाउपत्रदातालाई भाडामा दिन निजको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्न सकिनेछ। त्यसपछि बाँकी सबै सिलबन्दी दरभाउपत्र वापतको धरौटी रकम फिर्ता गरिनेछ।

८. बिशाल बजार कम्पनी लि. को जारी सुचना अनुसार मिति २०८१/११/२८ गते हुने भनिएको वार्षिक साधारण सभा स्थगन भएकाले पुनः बस्ने साधारण सभाबाट सटर कवल बहालमा लगाउने, शेयर सम्बन्धी विषयमा तथा सो सम्बन्धी प्रक्रियागत अन्य विषयका हकमा निर्णय भए बमोजिम गर्नु गराउनुपर्नेछ।

९. सटर कवल प्रयोग गर्दा आवश्यक पर्ने बत्ती, पानी, फोहोरमैलाको व्यवस्थापन बहालवाला स्वयंले गर्नुपर्नेछ। सटर छाडी जाँदा भत्के बिग्रेको मर्मत गरी आफूले लिए पाएको अवस्थामा दिनुपर्नेछ।

१०. सटर कवल बहालमा लिई गरिने व्यवसायबारे स्पष्ट उल्लेख गर्नुपर्नेछ। संस्थालाई प्रतिकूल हुने र नेपाल सरकारले प्रतिबन्ध लगाएको व्यवसाय गर्न पाइने छैन। बहालवालाले बिशाल बजार कम्पनी लि. बाट बेलाबेलामा जारी हुने नियमहरु तथा निर्देशनको पालना गर्नुपर्नेछ।

११. हुल हुज्जत हुने, बढी हल्ला खल्ला हुने र फोहरमैला हुने खालका व्यवसाय गर्न पाइने छैन।

१२. बहाल रकम प्रत्येक महिनाको पहिलो हप्ताभित्र भुक्तानी गरि सक्नुपर्नेछ।

१३.सटर कवल वहाल कर (टिडिएस) बाहेक कानून बमोजिम अन्य कुनै कर तिर्नुपर्ने भएमा बहालवाला स्वयंले तिर्नुपर्नेछ।

१४. सम्झौताको अवधि ४ वर्षको हुनेछ र सम्झौताको प्रत्येक २ वर्षपछि १० प्रतिशतका दरले बहाल रकममा वृद्धि हुनेछ। बहाल सम्बन्धी सम्झौताका बखत बिशाल बजार कम्पनी लि. बाट निर्देशित सेवा, शर्तहरु लगायतका विषयमा सोही बमोजिम हुने गरी गर्नु पर्नेछ।

१५. संस्थालाई उक्त सटर कवल आवश्यक परेमा वा बहालवालालाई आवश्यक नभई छोड्नु परेमा ६० दिनको पूर्व सूचना दिई छुटाउन वा छाड्न सकिनेछ।

१६. सिलबन्दी दरभाउपत्र स्वीकृत/अस्वीकृत सम्बन्धी सम्पूर्ण अधिकार साझा सेवा (सहकारी संस्था) लि. मा रहनेछ।

१७. सिलबन्दी नभएको, म्याद नाघी आएको, दस्तखत नभएको, रीत नपुगेको दरभाउपत्र उपर कारवाही हुने छैन।

१८. यस विषयमा अरु कुनै किसिमको कुराहरु बुझ्नु परेमा साझा सेवा (सहकारी संस्था) लि.केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

दस्तखतः

नामः

फोन नं.:

मितिः

छापः